**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०**

स्वीकृत मिति २०८१/०८/०४

**सोलभा गाउँपालिका**

स्थानीय सरकार

सोनमा गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

सोनमा,महोत्तरी

मधेश प्रदेश,नेपाल

स्थानिय राजपत्र

प्रकाशित मितिः- २०८१/११/२६ गते

कार्यविधिको नाम :- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०८०

आज्ञाले,

..............................................

श्रीदेव यादव

प्रमूख प्रशासकीय अधिकृत

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०**

प्रस्तावना :

सोनमा गाउँपालिकामा ३६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुर्याउँदै आएको योगदानको उच्च कदर गर्दै उनीहरूको सेवालाई थप प्रोत्साहन गर्ने गत आ.व. २०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ३६ मा सोनमा गाउँपालिका भित्र कार्यगत ३६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिदै आएको संघिय ससर्त प्रोत्साहन बाहेक थप रु. २१०० (दुइ हजर एक सय मात्र) प्रति महिना प्रतेक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सेवाहरूमा थप प्रोत्साहान गर्ने र साथै मनोवल उच्च गर्ने, स्वास्थ्य सेवा, सुविधा तथा प्रक्रियालाई सरल र सहज बनाउन प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी सोनमा गाउँपालिका कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद- १ प्रारम्भिक

१. नाम र प्रारम्भ : यस कार्यविधिको नाम (१), **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि**, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(२.१) "**मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ** ।

(२.२) "**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका**" भन्नाले समुदाय स्तरमा स्वास्थ्य सम्बन्धि सचेतना फैलाउने, समुदायको समस्या स्वास्थ्य संस्था सम्म पुर्याउने, खोप, पोषण, बाल स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व कार्यक्रमलाइ सहज र प्रभावकारी बनाउन सहजीकरण गर्ने राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ बमोजिम यस गाउँपालिकामा कार्यगत सुचीकृत महिला स्वयंसेविकाहरुलाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ ।

(२.३) "**स्वास्थ्य संस्था**" भन्नाले यस गाउँपालिका भित्र रहेको सरकारी स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

(२.४) "**स्थानीय तह" भन्नाले सोनमा गाउँपालिका सम्झिनु पर्छ ।**

(२.५) "**अध्यक्ष" भन्नाले सोनमा गाउँपालिकाको अध्यक्ष सम्झिनु पर्छ ।**

(२.६) "उपाध्यक्ष" भन्नाले सोनमा गाउँपालिकाको उपाध्यक्ष सम्झिनु पर्छ ।

(२.७) "प्रमुख प्रशासकीय अधिकृत" सोनमा गाउँपालिकाको सम्झि प्रमुख प्रशासकीय अधिकृत नु पर्छ ।

## परिच्छेद- २

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०

३. सिफारिस सम्बन्धी व्यवस्थाः यस कार्यविधि बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भत्ता पाउनका लागि राष्ट्रिय परिचय पत्र नम्बर वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित स्वास्थ्य संस्थामा, स्वास्थ्य संस्था प्रमुखलाइ बुझाउनु पर्ने छ र स्वास्थ्य संस्था प्रमुख ले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कार्य सम्पादनको लेखाजोखा र समिक्षा गरि, सन्तोष जनक काम गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउन सिफारिस (अनुसूची १), सोनमा गाउँपालिकाको स्वास्थ्य शाखामा दिनु पर्नेछ ।

४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले प्रोत्साहन भत्ता बापत पाउने खर्चः सोनमा गाउँपालिका भित्र कार्यगत ३६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिदै आएको संघिय ससर्त प्रोत्साहन बाहेक थप रू. २,१०० (दुइ हजर एक सय मात्र) प्रति महिना प्रतेक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पाउनेछन् ।

५ बजेट व्यवस्थाः स्थानीय तह, स्थानीय तहले बजेट बिनियोजन गर्दा उल्लेखित कामको लागि रकम छुट्याउनु पर्नेछ तर बजेट बिनियोजन हुन् नसक्दा बचत हुने जुनसुकै बिषय बाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

६. अभिलेख तथा प्रतिवेदनः स्वास्थ्य शाखाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले प्रोत्साहन भत्ता प्राप्त गरेको अभिलेख अनुसूची-२ बमोजिम अध्यावधिक गरी राख्नु पर्नेछ।

७ समन्वय समितिः

७.१ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले प्रोत्साहन भत्ता उपलब्ध गराउन गा.पा उपाध्यक्षको संयोजकत्वमा, स्वास्थ्य शाखा प्रमुख, आर्थिक प्रसाशन शाखा प्रमुख र प्रशासन शाखा प्रमुख रहने गरि एक समन्वय समिति रहनेछ।

७.२ समितिमा आवश्यकता अनुसार जनप्रतिनिधि तथा कर्मचारी लाई आमन्त्रित गर्न सकिनेछ र बैठक बस्दा नियमानुसार बैठक भत्ता समेत प्राप्त गर्नेछ ।

७.३ समन्वय समितिले अनुसूची १ बमोजिम भएको सिफारिस उपर छानवीन तथा छलफल गरि रकम निकासको लागि सिफारिस गर्नुपर्ने छ।

९. **लेखा परिक्षणः** औषधि उपचार खर्च वितरणको लेखा परीक्षण प्रचलित क़ानून बमोजिम गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

१०. **पारदर्शिता कायम गर्नुपर्नेः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयको वेभसाइट र सूचना पाटिमा सार्वजनिक गर्नुपर्नेछ ।

११. **बाधा अड्काउ फुकाउने:** यो कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ परेमा स्थानीय तहले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची- १

(दफा ३ सँग सम्बन्धित )

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भता

उपलब्ध गराउने दिने सिफारिसको ढाँचा

मितिः

विषयः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भवा उपलब्ध गराउने सम्बन्धमा ।

श्री स्वास्थ्य शाखा प्रमुख,

सोनमा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

उपरोक्त सम्बन्धमामा यस सोनमा गाउँपालिका, वडा नं. ....... अन्तर्गत रहेको ........................स्वास्थ्य संस्था आन्तार्गतमा समुदायमा स्वास्थ्य सम्बन्धि जनचेतना फैलाउने, समुदायको समस्या स्वास्थ्य संस्था सम्म पुर्याउने, खोप, पोषण, बाल स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व कार्यक्रमलाइ सहज र प्रभावकारी बनाउन सहजीकरण गर्ने प्रभावकारी भूमिका निर्वाह गर्नु भएका निम्न उल्केखित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाइ प्रोत्साहन भत्ता उपलब्ध गराउने सिफारिस गर्दाछु।

| क्रम सं | नाम | ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |

निवेदकः

नामः पदः

संस्थाको छापः हस्ताक्षरः

**अनुसूची- २**

**(दफा ३ सँग सम्बन्धित )**

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता
उपलब्ध गराएको अभिलेख तथा प्रतिबेदन

| क्र. | नाम | पहिलो अर्धबार्षिक भुक्तानी भएको/ नभएको | पहिलो अर्धबार्षिक भुक्तानी रकम | दोस्रो अर्धबार्षिक भुक्तानी भएको/ नभएको | दोस्रो अर्धबार्षिक भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |